# आफ्नो अधिकार थाहा पाउनुहोस्:
# सुपथ आवास

**सुपथ आवास भनेको के हो?**
सुपथ आवास भनेको बजार दर आवासको तुलनामा कम खर्चिलो आवास हो। बजार दर आवास भनेको आवास बजारले निर्धारण गरे अनुसारको पूरा मूल्यको भाडा लिने आवास हो। ति आवास लाई सुपथ आवास भन्न सकिन्छ जसलाई सरकार, सरकारी निकाय वा निजी संस्थाले अनुदान दिएको हुन्छ वा भाडा लाई सहर तथा काउन्टीको भाडा नियन्त्रण नियमावलीले नियन्त्रण गरेको हुन्छ।

**अनुदानित आवास भनेको के हो?**
अनुदानित आवास भनेको भाडाका आवास हो जसमा सरकारी निकाय वा निजी संगठनद्वारा भाडावालले तिर्ने भाडाको केही भाग वा सबै तिरिन्छ, वा आवास धनी वा आवास परिसर सञ्चालकले इकाइहरूलाई कम लागतमा सम्भार गरि भाडावाललाई सहुलियत हुने गरि आवास संचालन गर्दछन्। सरकारले अनुदानित आवास इकाइहरू विकास गर्न र/वा मर्मत गर्न विकासकर्ताहरूलाई कर छुट जस्ता प्रोत्साहनहरू प्रदान गरेर पनि आवासलाई अनुदान दिन्छ।

**घरभाडा नियन्त्रण भनेको के हो?**
भाडा नियन्त्रण भनेको घरधनीहरुले घर भाडा कति सम्म बढाउन पाउछन् भन्ने कुरालाई सीमित गर्ने नियम हो । क्यालिफोर्नियाका सोह वटा सहरमा मात्रै भाडा नियन्त्रण छ।[1] भाडा नियन्त्रणद्वारा सुरक्षित आवास इकाइहरू र घरधनीले वर्षेनी भाडा बढाउन सक्ने रकम शहर अनुसार फरक-फरक हुन्छ। प्रत्येक शहरको भाडा नियन्त्रणका बारेमा आधारभूत सूचना पाउन यो लिंकमा https://california-policies.glitch.me/ र गहन जानकारिका लागि सम्बन्धि शहरको वेब साईटमा जानुहोस्।

**सुपथ आवास वा अनुदानित आवास हो भन्ने म कसरी थाहा पाउन सक्छु?**
तपाईंको अपार्टमेन्ट भाडा नियन्त्रणमा पर्छ कि पर्दैन पत्ता लगाउन आफ्नो शहरको वेबसाइट हेरेर तपाईको शहरमा भाडा नियन्त्रण सम्बन्धि अध्यादेश छ कि छैन हेर्नुहोस् र तपाईँको अपार्टमेन्ट भाडा नियन्त्रणमा समाबेस छ कि छैन पनि हेर्नु होस्। **तपाईं आफ्नो आवास एकाइमा अनुदान दिइएको छ कि छैन जाँच गर्न यो लिंकमा हेर्नुहोस्** https://nhpd.preservationdatabase.org/Account । यस वेबसाइटको आवास डेटाबेसले संघीय सरकारद्वारा अनुदान प्राप्त आवास इकाइहरूको बारेमा जानकारी प्रदान गर्दछ। तपाईले डाटाबेसमा पहुँच पाउन वेबसाइटमा दर्ता गर्नुपर्छ, तर गैर-लाभकारी संगठन, विश्वविद्यालय र सरकारी संस्थाहरूसँग सम्बद्ध व्यक्तिहरू र मानिसहरूलाई यो पहुँच निःशुल्क छ।

**मैले सुपथ घर कसरी भेट्टाउन सक्छु?**
अमेरिकी आवास तथा शहरी विकास विभागमा निम्न आय आवास क्रेडिट घरहरुको सूची, एक प्रकारको अनुदानित आवास, जुन तपाईले यस लिंकमा पाउन सक्नुहुन्छ https://lihtc.huduser.gov/ । यसमा भएका सुपथ आवास अनलाइन https://affordablehousingonline.com ले शहरको सुपथ आवासको सूची प्रदान गर्दछ। यो स्रोतहरूको विस्तृत सूची होइन र तपाईले धैरै आवास संसाधनका लागि स्थानीय सेवा प्रदायकहरूलाई सम्पर्क गर्नुपर्छ।

**सस्तो आवास के हो भन्ने बारे तपाईंसित थप प्रश्नहरू छन् भने** info@fvaplaw.org वा (५१० ) ८५८ -७३५८ मा सम्पर्क गर्नुहोस् ।

[1] Berkeley, Beverly Hills, East Palo Alto, Hayward, Los Angeles, Los Gatos, Mountain View, Oakland, Palm Springs, Richmond, San Francisco, San Jose, Santa Monica, Thousand Oaks and West Hollywood have rent control ordinances.



This Information sheet is not providing legal advice and should not replace the advice of an attorney. This resource uses California and Federal law only.
Last updated on 12/11/18. Copyright © Family Violence Appellate Project 2019.